"समृद्ध आमचोक गाउँपालिका: सुखी र सुसंस्कृत आमचोकवासी"

# आमचोक गाँउपालिका

# गाँउ कार्यपालिकाको कार्यालय

वालंखा, भोजपुर

पस :२०८०/०८१
सूचना.नं. 6

**सेवा करारमा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सूचना**
**(पहिलो पटक प्रकाशित मितिः २०८०।०८।२४)**

यस आमचोक गाउँपालिकाको लागि तपशिल अनुसारको कर्मचारी सेवा करार गरि राख्नुपर्ने भएकोले आवश्यक योग्यता पुगेका नेपाली नागरिकबाट सूचना प्रकाशनको मितिले २१(एक्काइस) दिन भित्र आमचोक गाउँपालिकाको कार्यालयमा स्वयं उपस्थित भई वा कार्यालयको इमेल ठेगाना ito.aamchowkmun@gmail.com मा आवश्यक कागजात र दराखास्त दस्तुर तिरेको रसिद/भौचर सहित आवेदन दिनुहुन अनुरोध छ।

तपशिलः

| विज्ञापन नं | पद | तह/सेवा/समुह | माग संख्या | न्यूनतम शैक्षिक योग्यता | आवेदन दस्तुर |
|---|---|---|---|---|---|
| ०१/२०८०/०८१ | मेडिकल अधिकृत | अधिकृत स्तर आठौं | १ जना (आधारभूत अस्पताल) | मान्यता प्राप्त शिक्षण संस्थावाट एम.बि.बि.एस वा सो सरह उत्तिर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको। | १०००/- |
| ०२/२०८०/०८१ | स्टाफ नर्स | सहायक पाँचौ | २ जना (आधारभूत अस्पताल) | मान्यता प्राप्त शिक्षण संस्थावाट PCL Nursing वा सो सरह उत्तिर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको। | ५००/- |
| ०३/२०८०/०८१ | ल्याव टेक्निसियन | सहायक पाँचौ | १ जना (आधारभूत अस्पताल) | मान्यता प्राप्त शिक्षण संस्थावाट ल्याव टेक्निसियन वा सो सरह उत्तिर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको। | ५००/- |
| ०४/२०८०/०८१ | का.स. | श्रेणिविहिन | ४ जना (१ जना आधारभूत अस्पताल, १ जना पावला स्वास्थ्य चौकी, २ जाना गाउँपालिका) | मान्यता प्राप्त शिक्षण संस्थावाट SEE वा सो सरह उत्तिर्ण गरेको। | ३००/- |

१. सेवाको किसिमः- करार सेवा।

२. उम्मेदवारको उमेरको हद:- दराखस्तको अन्तिम मिति सम्म मेडिकल अधिकृत, स्टाफ नर्स, ल्याव टेक्निसियनको लागि १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको हुनु पर्नेछ र कार्यालय सहयोगिको हकमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनु पर्नेछ।

३. दरखास्त दिने स्थानः- आमचोक गाउँकार्यपालिकाको कार्यालय, वालंखा भोजपुर वा कार्यालयको वेव-साईट बाट दरखास्त फारम डाउनलोड गरी उक्त फारम भरी कार्यालयमा उपस्थित भई वा कार्यलयको ईमेल ito.aamchowkmun@gmail.com मा पठाउन सकिनेछ।

४. छनौटको किसिमः- लिखित तथा मौखिक परिक्षा।

५. आवेदन साथ संलग्न गर्नु पर्ने कागजातहरुः- आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु

- नागरिकताको प्रलितिपि, न्युनतम योग्यताको लब्धाङ्क प्रमाणपत्रको प्रतिलिपि, चारित्रिक प्रमाणपत्रको प्रतिलिपि, अनुभव खुल्ने कागजात भएमा त्यसको प्रतिलिपि र २ प्रति पासपोर्ट आकारको फोटो।

६. शैक्षिक योग्यता, अनुभव तथा अन्य प्रमाणपत्रहरुका सम्बन्धमा दरखास्त बुझाउने अन्तिम मिति सम्म जारी भएकोलाई मात्र मान्यता दिईनेछ।

७. परीक्षा संचालन हुने मिति समय र स्थानः- दरखास्त फारम भर्ने अन्तिम म्याद पछि पालिकाको सूचना पाटी, फेसवुक पेज र वेवसाईट मा राखिने छ।

८. सेवा सुविधाः- स्थानीय तहसंगको सम्झौता बमोजिम हुनेछ।

९. आवेदन दस्तुर बुझाउने प्रकृयाः- आमचोक गाउँपालिका ग-१.१ आन्तरिक राजश्व खाता आमचोक गाउँपालिकाको नाममा सिद्धार्थ बैक लिमिटेड वालंखा, भोजपुर शाखामा रहेको खाता नं ०२६१५३९१७५१ मा बुझाई बैक भौचर पेश गर्नु पर्नेछ।

१०. म्याद नाघी आएको तथा रित पुर्वक नआएको दरखास्त उपर कुनै कारवाही हुनेछैन। आवेदन स्वीकृत/अस्वीकृत गर्ने अधिकार पालिकालाई हुनेछ। दरखास्त पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोपछि कार्यालय खुलेको पहिलो दिन कार्यालय समय भित्र दरखास्त पेश गर्नुपर्नेछ।

११. दरखास्त फारम भर्दा आउने अस्पष्टताको सम्बन्धमा यसपालिकाको कार्यालयको टेलिफोन नं ९८६२०४६७७७ (स्वास्थ्य शाखा प्रमुख) वा ९८५२०८१३३६ (सूचना अधिकारी) मा सम्पर्क गरी बुझ्न सकिनेछ।

१२. पाठ्यक्रमः

- मेडेकल अधिकृत, स्टाफ नर्स र ल्याव टेक्निमियनको पाठ्यक्रम कोशि प्रदेशको लोकसेवा आयोगले तोके बमोजिम हुनेछ।
- कार्यालय सहयोगी परिक्षाको लागि पाठ्यक्रम कार्यालयको वेवसाइटमा राखिएको छ।

धन कुमार राई
प्रमुख प्रशासकीय अधिकृत